# पूर्वाञ्चल विश्वविद्यालय

## स्वतन्त्र विद्यार्थी यूनियन सम्बन्धी विनियमावली २०७३ (मस्यौदा)

**प्रस्तावना:** पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरुको हकहित र आपसी सम्बन्ध अझ सुदृढ गर्ने, बौद्धिक एवम् शैक्षिक स्तर बृद्धि गर्दै विद्यार्थी वीच नेतृत्वदायी भूमिका लिई जिम्मेदारीको अनुभव गराउनुको साथै वाह्य सम्पर्क र सम्वन्ध बिस्तार गर्न विद्यार्थीहरुको एक साझा संस्थाको आवश्यकता पर्न गएकाले सोको लागि निर्वाचित संस्थाको रुप रहने गरी सन्चालन र सम्वर्द्धनका लागि पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३ (अठारौं सभासम्मको संशोधनसहित) खण्ड (क), परिच्छेद १६ को नियम ६२ (ङ.) मा उल्लेख भए बमोजिम स्वतन्त्र विद्यार्थी युनियनसम्बन्धी व्यवस्थाका लागि **स्वतन्त्र बिद्यार्थी यूनियन सम्बन्धी विनियमावली २०७३** तयार गरि जारी गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) स्वतन्त्र विद्यार्थी युनियनको गठन: **प्रत्येक क्याम्पसमा एक स्वतन्त्र विद्यार्थी युनियन गठन हुनेछ ।**

(ख) यस विनियमको नाम: **स्वतन्त्र विद्यार्थी युनियन सम्बन्धी विनियम २०७३ रहने छ ।**

(ग) प्रारम्भ: यो विनियम कार्यकारी परिषद्ले पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:**

स्वतन्त्र विद्यार्थी युनियन भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पस/कलेजहरुमा अध्ययनरत विद्यार्थीहरुको हकहित संरक्षण र सम्बर्धनका लागि नियमानुसार गठन भएको विद्यार्थी युनियनलाई जनाउनेछ ।

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा:

(क) **विश्वविद्यालय** भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई सम्झनुपर्दछ ।

(ख) **कार्यकारी परिषद्** भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्लाई सम्झनुपर्दछ ।

(ग) **कार्यसमिति** भन्नाले युनियनको कार्यसमितिलाई सम्झनुपर्दछ ।

(घ) **क्याम्पस** भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पस/कलेजलाई सम्झनुपर्दछ ।

(ङ.) **विद्यार्थी** भन्नाले यस विश्वविद्यालय अन्तर्गतका क्याम्पस /कलेजहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनुपर्दछ ।

(च) **अध्यक्ष** भन्नाले स्वतन्त्र बिद्यार्थी युनियनमा निर्वाचित अध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) **उपाध्यक्ष** भन्नाले स्वतन्त्र बिद्यार्थी यूनियनमा निर्वाचित उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) **सचिव** भन्नाले स्वतन्त्र बिधार्थी यूनियनमा निर्वाचित सचिवलाई सम्झनुपर्दछ ।

(झ) **सहायक सचिव** भन्नाले स्वतन्त्र बिधार्थी यूनियनमा निर्वाचित सहायक सचिवलाई सम्झनुपर्दछ ।

(ञ) **कोषाध्यक्ष** भन्नाले स्वतन्त्र बिद्यार्थी यूनियनमा निर्वाचित कोषाध्यक्षलाई सम्झनुपर्दछ

(ट) **सदस्य** भन्नाले स्वतन्त्र बिद्यार्थी यूनियनमा निर्वाचित सदस्यलाई सम्फनुपर्दछ ।
(ठ) **पदाधिकारी** भन्नाले नियम ७ (क) को १ देखि ५ सम्मका सदस्यलाई सम्फनुपर्दछ ।

**३. उदेश्यः**

स्वतन्त्र बिद्यार्थी यूनियनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क). सम्बन्धित क्याम्पसका बिद्यार्थीहरुको हकहित संरक्षण र सम्बर्धन गर्ने ।

(ख) विद्यार्थीहरुको बौद्धिक र चारित्रिक बिकासका लागि उपयुक्त कार्य तर्जूमा गर्ने र सोको कार्यान्यन गर्ने ।

(ग) उपयुक्त शैक्षिक बातावरण सिर्जना गर्ने र विद्यार्थीहरुलाई रचनात्मक कृयाकलापमा उत्प्रेरित गराउँने ।

(घ) क्याम्पस भित्र पठन पाठनको उपयुक्त वातावरण सिर्जन गर्ने गराउने ।

(ङ.)विद्यार्थीहरुमा अनुशासन कायम गराउँदै क्याम्पसमा शैक्षिक तथा संस्थागत विकासका लागि सदैव क्रियाशील रहने ।

(च) तोकिएका अन्य कार्यहरु गर्ने ।

**४. स्वतन्त्र बिद्यार्थी यूनियनको सदस्यताः**

क्याम्पसमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थी स्वतन्त्र विद्यार्थी युनियनका साधारण सदस्य हुनेछन् । यो सदस्यता क्याम्पसमा नियमित रुपले अध्ययन गरुन्जेलसम्म कायम रहनेछ ।

**५. स्वतन्त्र बिद्यार्थी यूनियनको सदस्यता शुल्कः**

स्वतन्त्र बिद्यार्थी यूनियनको सदस्यता शुल्क कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

**६. स्वतन्त्र बिद्यार्थी यूनियनको साधारण सभाः**

(क) स्वतन्त्र विद्यार्थी युनियनको एक साधारण सभा हुनेछ । साधारण सभामा युनियनको सदस्यका रुपमा रहेका सबै विद्याथीहरुले भाग लिन पाउने छन् । साधारण सभाको बैठक प्रत्येक वर्ष कम्तीमा एक पटक वस्नेछ तर युनियनको कार्यसमितिले ठानेमा जुनसुकै बेला साधारण सभाको बैठक बोलाउन सक्नेछ । तर साधारण सभाको बैठक बस्नु पूर्व सम्बन्धित क्याम्पस प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(ख) साधारण सभाका सदस्यहरुले युनियनको पदाधिकारी वा कुनै पदका लागि उम्मेदवार हुन, मतदान दिन वा निर्वाचनमा भाग लिन पाउने छन् ।

**७. स्वतन्त्र बिद्यार्थी यूनियनको कार्यसमितिः**

(क) प्रत्येक क्याम्पसमा विद्यार्थी संख्याको अनुपातमा ७ देखि ११ सदस्यीय एक कार्यसमिति रहनेछ । कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी र सदस्य रहनेछन् ।

(१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सहायक सचिव

(५) कोषाध्यक्ष

(६) सदस्यहरु

विद्यार्थी संख्या २०० भन्दा कम भएका क्याम्पसहरुमा ७ सदस्यीय
विद्यार्थी संख्या ५०० भन्दा कम भएका क्याम्पसहरुमा ९ सदस्यीय
विद्यार्थी संख्या ५०० भन्दा माथि भएका क्याम्पसहरुमा ११ सदस्यीय

(ख) स्वतन्त्र विद्याथी युनियनको कार्यसमितिको कार्यकाल निर्वाचन भएको मितिले २ वर्षको हुनेछ तर कुनै कारणवश निर्धारित समयमा निर्वाचन हुन नसकेमा पू.वि. कार्यकारी परिषद्ले ६ महिना समय थप गर्न सक्नेछ ।

(ग) कार्यसमितिको उम्मेदवार हुनका लागि २८ वर्ष उमेर ननाघेको हुनु पर्ने छ र क्याम्पसमा भर्ना भई निरन्तर अध्ययन गरेको हुनुपर्ने छ, अन्तिम सेमेष्टर/वर्षमा अध्ययन गर्ने विद्यार्थी कार्यसमितिको उम्मेदवार हुन पाउने छैनन् ।

(घ) कार्यसमितिको निर्वाचन गोप्य मतदानबाट हुनेछ ।

(ङ.) कार्यसमितिको निर्वाचन प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रक्रियाबाट हुनेछ ।

(क)पदाधिकारीहरुको निर्वाचन प्रत्यक्ष र सदस्यहरुको समानुपातिक निर्वाचन प्रक्रियावाट चुनाव सम्पन हुनेछ ।

८. **गणपूरक संख्याः** साधारण सभाको गणपूरक संख्या सामान्य बहुमतलाई मानिनेछ र कार्यसमितिको गणपूरक संख्या पनि सोही बमोजिम हुनेछ ।

९. **रिक्त पदको पूर्तिः** रिक्त पदको पूर्ति देहायबमोजिम हुनेछः

(क) कुनै कारणवश अध्यक्षको पद रिक्त हुन आएमा उपाध्यक्षले अध्यक्षको कार्यभार सम्हाल्नेछ ।

(ख) सचिवको पद रिक्त हुन आएमा सहायक सचिवले कार्यभार सम्हाल्नेछ ।

(ग) अन्य पदाधिकारीहरुको पद रिक्त हुन आएमा कार्यसमितिले कार्यसमितिका सदस्यहरुमध्येबाट पदपूर्ति गर्नेछ ।

(घ) कार्यसमिति विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा निर्वाचनद्धारा कार्यसमितिको गठन हुनेछ ।

१०. **स्वतन्त्र बिद्यार्थी यूनियनको कार्यसमितिको निर्वाचनः** कार्यसमितिको निर्वाचन प्रक्रिया देहायबमोजिम हुनेछ ।

(क) युनियनको निर्वाचनका लागि क्याम्पस प्रमुखले एक निर्वाचन अधिकृत र सदस्यहरु भएको ५ सदस्यीय समिति गठन गर्नेछन् ।

(ख) निर्वाचन समितिले निर्वाचनसम्बन्धी कार्यविधि तर्जुमा गरी निर्वाचन गराउनेछ ।

(ग) कुनै पदाधिकारी वा सदस्यले पाएको मत बराबर भएमा निर्वाचन समितिले गोला प्रथाद्वारा निर्णय गर्नसक्नेछ ।

(घ) निर्वाचनमा विद्यार्थीहरुले आफ्नो संगठित वा स्वतन्त्र वा व्यक्तिगत रुपमा उम्मेदवारी दिन सक्नेछन् ।

**११. स्वतन्त्र बिद्यार्थी यूनियन कार्यसमितिको काम कतर्व्य र अधिकारः**

स्वतन्त्र बिद्यार्थी यूनियनको काम कतर्व्य र अधिकार देहायबमोजिम रहनेछ ।

(क) कार्यसमितिले नियम ३ मा उल्लेख भएका उद्देश्यहरु परिपूर्तिका लागि काम गर्नेछ ।

(ख) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने गराउनेछ ।

१२. **बैठकको कार्यविधिः** युनियनको साधारण सभा तथा कार्यसमितिको बैठकसम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछ :

(क) साधारण सभा तथा कार्यसमितिको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

(ख) कार्यसमितिको बैठक अध्यक्षको निर्देशनमा बस्नेछ । बैठकको सूचना अध्यक्षको स्वीकृतिमा सचिवबाट गरिनेछ ।

(ग) साधारण सभाका लागि कम्तीमा १५ दिन र कार्यसमितिको निमित्त कम्तीमा ५ दिन अगाडि छलफल हुने विषयहरुसमेत उल्लेख गरी सूचना दिनुपर्नेछ ।

(घ) बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा सभापतिको मत नै निर्णायक मत मानिनेछ ।

(ङ.) बैठक सम्बन्धी अन्य प्रकिया कार्यसमितिले निर्धारण गर्नेछ ।

**१३. अबिश्वासको प्रस्तावः**

निर्वाचित अध्यक्ष वा अन्य पदाधिकारी उपर अबिश्वासको प्रस्ताव साधारण सदस्यहरुको एक चौथाई सदस्यहरुले कारण खुलाई अध्यक्ष वा अन्य पदाधिकारी माथि अबिश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् । अध्यक्ष उपर अबिश्वासको प्रस्ताव गर्दा उपाध्यक्ष मार्फत र अन्य प्रदाधिकारी उपर अबिश्वासको प्रस्ताव दर्ता गर्दा अध्यक्ष समक्ष अबिश्वासको प्रस्ताव दर्ता गर्न सकिनेछ । यसरी दर्ता भएको प्रस्ताव उपर एक महिना भित्र सभा बोलाई दुई तिहाई बहुमतले प्रस्ताव पारीत गर्न सकिनेछ । तर अबिश्वासको प्रस्ताव निर्वाचन सम्पन  भएको ६ महिना अगाडि र निर्वाचन हुन ६ महिना बाँकी रहदा ल्याउन पाईने छैन ।

**१४. पद रिक्त हुने अबस्था:** निम्न अबस्थामा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनसक्नेछ ।

(क) नियम १३ बमोजिम अबिश्वासको प्रस्ताव पारित भएमा ।

(ख) राजीनामा दिएमा ।

(ग) क्याम्पसको नियमित विद्यार्थी नरहेमा वा क्याम्पस स्थानान्तरण गरी वा छोडी नियमित विद्यार्थी नभएमा ।

(घ) फौजदारी मुद्दा लागि कसुरवार ठहरिएमा ।

(ङ.) मृत्यु भएमा ।

**१५.विद्यार्थी आचारसंहिताः** विद्यार्थी आचारसंहिता तपसिल बमोजिम हुनेछः

(क) शैक्षिक क्षेत्रभित्र उपयुक्त अनुशासन कायम गर्ने, विद्यार्थीहरु विच पारस्पारिक सम्बन्ध कायम गर्ने ।

(ख) विश्वविद्यालय तथा क्याम्पसको सम्पत्ति संरक्षण गर्न सहयोग गर्ने ।

(ग) विश्वविद्यालयका शैक्षिक कार्यलाई प्रभाव पार्ने गरी अवान्छित क्रियाकलाप नगर्ने ।

(घ) विश्वविद्यालयका ऐन, नियम, विनियम, कार्यविधि तथा निर्देशनको पालना गर्ने ।

(ङ.) क्याम्पसका नियम, कार्यप्रणाली, निर्देशन, सूचना आदि पालना गर्नुपर्ने ।

(च) शुल्क वा अन्य अतिरिक्त रकम, अन्य बक्यौता रकम वा पुस्तक तोकिएको म्याद भित्र बुझाउनु पर्ने ।

(छ) कुनै घातक हातहतियार र निषेधित मालबस्तु सहित उपस्थित हुनु वा भेला गर्नु गराउन नहुने

(ज) निषेक्षित कार्यहरु गर्नु गराउनु नहुने ।

(झ) पूर्वाञ्चल विश्वविद्यालय नियमावलीमा तोकिएका विद्यार्थी आचार संहिताको पालना गर्नुपर्ने ।

**१६. आर्थिक व्यवस्था र खाता सञ्चालनः**

युनियनको आर्थिक व्यवस्था र खाता सञ्चालन देहाय बमोजिम हुनेछ ।

(क) साधारण सदस्यहरुले बुझाएको सदस्यता शुल्क अन्यथा व्यवस्था नभएको भए क्याम्पसले बुझिलिई युनियनको कार्य समितिलाई एक महिना भित्र हस्तान्तरण गर्नेछ र कार्य समितिले सो प्राप्त रकम १५ दिन भित्र बैक वा वित्तिय संस्थामा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(ख) खाता सञ्चान सभापति वा निजले तोकेको कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य १ जना र कोषाध्यक्ष १ जना गरी दुई जनाको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(ग) आम्दानी खर्चको विद्यिवत हिसाव राखी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखा परिक्षण गराई प्राप्त प्रतिवेदन लगतै बस्ने साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ । लेखापरीक्षणको प्रतिवेदन प्राप्त नभएसम्म रकम निकाशा दिन क्याम्पस प्रशासन बाध्य हुने छैन ।

**१७. संरक्षकको व्यवस्थाः** स्वतन्त्र विद्यार्थी युनियनको संरक्षक क्याम्पसको क्याम्पस प्रमुख हुनेछ ।

**१८.निलम्वन र बिघटनः** तोकिएका विद्यार्थी आंचारसंहिता बमोजिम कार्य नभएको क्याम्पस प्रमूखबाट लेखि आएमा छानविन पश्चात त्यस्तो विद्यार्थी युनियनलाई कार्यकारी परिषद्ले बिघटन गर्नसक्नेछ

**१९.बाधा अड्चन फुकाउनेः** यस विनियम कार्यन्वयन गर्न कुनै बाधा अड्चन परेमा त्यसलाई फुकाउने पूर्ण अधिकार कार्यकारी परिषद्मा रहनेछ ।